Ltd. No. 13/2049/050

# Taragaon Regency Hotels Ltd.

## (Hyatt Regency Kathmandu)

## तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

## रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौंको

## २९ औं वार्षिक साधारण सभाको निर्णय माईन्युट

१. २९ औं वार्षिक साधारण सभा:

श्री तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको २९ औं वार्षिक साधारण सभा मिति २०८२ पौष महिना २३ गते (तदानुसार ०७ जनवरी, २०२६), बुधबारका दिन नेपाल आर्मी अफिसर्स कल्ब,भद्रकाली काठमाण्डौमा संचालक श्री जयादिन श्रेष्ठ ज्यूको प्रस्तावमा र संचालक श्री राजेशलाल श्रेष्ठ ज्युको समर्थनमा प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यूको सभापतित्वमा बिहान ११:०० बजे शुरु भई दिनको १२:३० बजे समापन भयो ।२९ औं वार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

२. उपस्थिति:

(अ) सञ्चालकहरुको उपस्थिति:

| | |
|---|---|
| श्री अरुण कुमार सराफ | प्रबन्ध संचालक (यस सभाको सभापति) |
| श्री सुरेश लाल श्रेष्ठ | कार्यकारी सञ्चालक |
| श्रीमती कमलादेवी श्रेष्ठ | सञ्चालक |
| श्री राजेश लाल श्रेष्ठ | सञ्चालक |
| श्री जयादिन श्रेष्ठ | सञ्चालक |
| श्री उमेश सराफ | सञ्चालक |
| श्री देवेश सराफ | सञ्चालक |

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

G.P.O. Box 9609, Bouddha, Kathmandu, Nepal, Tel: 977-1-5171234/4217123, Fax: 977-1-5178379/5178333

(आ) व्यवस्थापन समूह:

श्री गीता दाहाल — कम्पनी सचिव

श्रीमती रानी बंग — कर्पोरेट प्रेसिडेण्ट

श्री प्रियांक पोखेल — सिनियर मेनेजर एकाउण्ट्स एण्ड फाइनान्स

(इ) पर्यवेक्षक तथा प्रतिनिधिको उपस्थिति:

श्री अरुण कुमार सराफ — ह्यात इन्टरन्यास्नल, डोमिनियन इन्भेस्टमेन्ट्स लि.,हङ्गकङ्ग, डोमिनियन इन्भेस्टमेन्ट्स लि., वि.भि.आई,

श्री मनोज राज भण्डारी — आईसिटिसी होल्डिङ्ग कम्पनी प्रा लि.,

श्री सुमन डंगोल — आईसिटिसी प्रा.लि.

श्री रश्मी श्रेष्ठ — तारागाउँ विकास समिति

श्री अंकुश कुमार — ए.एस.आर एण्ड एसोटियट्स (लेखापरिक्षक)

श्री सागर अधिकारी — राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

श्री देवराज रिजाल — सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

(ई) शेयरधनीहरुको उपस्थिति:

| | |
|---|---|
| १. उपस्थित शेयरधनीहरुको संख्या | १५८ जना |
| (क) शेयरधनी स्वयम् | १४८ जना |
| (ख) प्रतिनिधि (प्रोक्सी) मार्फत | १० जना |
| २. शेयरधनीहरुको उपस्थिति प्रतिशत | ०.४५ प्रतिशत |
| ३. शेयरको प्रतिनिधित्व संख्या | १५,८६४,४७९ कित्ता |
| ४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ८१.१ प्रतिशत |

(उ) मिति २०८२।०९।२३ को यस साधारण सभामा सहभागी हुन योग्य शेयरधनीहरुको कुल संख्या ३४,७३५ मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए ।

## ३. छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरुः

क) सामान्य प्रस्ताव

(१) आर्थिक वर्ष २०८१।०८२ (२०२४।२०२५) को सञ्चालक समितिको २९ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०८१।०८२ (२०२४।२०२५) को वित्तिय विवरणहरु— वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने ।

(३) आ.व. २०८२।०८३ (२०२५।२०२६) को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) कम्पनीको मिति २०८२।०८।२२ (तदानुसार ८ डिसेम्बर, २०२५) गते बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ५ % नगद लाभांश (कर बाहेक) प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

(५) मिति २०८२।०२।१४ को संचालन समितिको सिफारिस बमोजिम प्रबन्ध संचालन र कार्यकारि निर्देशकको नियुक्ति अनुमोदन गर्ने ।

ख) विशेष प्रश्ताव

१) प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

ग) विविध

## ४. सभाको सूचना प्रकाशनः

(क) साधारण सभा हुने मिति, समय, स्थान, छलफल तथा निर्णयको लागि निर्धारित विषयसूचीहरु, २९ औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी, वासलात, नाफा तथा नोक्सान विवरण र नगद प्रवाह विवरण सहितका विवरणहरू खुलाई मिति २०८२।०९।०१ र मिति २०८१।०९।१४ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा २ पटक सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

(ख) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन, संस्थागत संरचना, लेखापरीक्षकको राय सहितको लेखा प्रतिवेदन, वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु सहितको कम्पनीको २९ औं वार्षिक सभाको लागि तयार गरिएको पुस्तिका शेयरधनी

महानुभावहरुको जानकारीको लागि कम्पनीको वेवसाइट www.taragaon.com मा राखिएको र यसको साथ साथै डिम्याट खातामा ईमेल ठेगाना राख्नु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई ईमेल मार्फत जानकारी गराईएको थियो ।

५. गणपुरक संख्याः

| विवरण | शेयरधनी संख्या | शेयर संख्या |
|---|---|---|
| कुल संख्या | ३४,७३५ | १९,६२१,२०२ |
| शेयरधनी स्वयं उपस्थित | १४८ | २६,८२,९६४.४ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत् | १० | १२,९०५,४४९ |
| जम्मा उपस्थित | १५८ | १५,५८८,४१३ |
| प्रतिनिधित्व प्रतिशत | ०.४५ % | ८१.१ % |

६. सभाको वैधानिकता तथा सभापतित्वः

(क) साधारण सभा शुरू हुनु भन्दा अघि कम्पनी सचिव श्री गीता दाहालले उपस्थित शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नुका साथै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको २९ औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो। ततः पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार गणपूरक संख्या पुगेकोले कम्पनी सचिव श्री गीता दाहालले २९ औं वार्षिक साधारण सभाको कारवाही अगाडी बढाउनुभयो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम साधारण सभाको सभापतित्व संचालक श्री जयादिन श्रेष्ठ ज्यूको प्रस्तावमा र संचालक श्री राजेशलाल श्रेष्ठ ज्युको समर्थनमा प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यूले गर्नु भयो ।

७. सभा संचालन तथा प्रतिवेदन प्रस्तुतिः

सभा संचालक ज्यूले सर्वप्रथम सभामा उपस्थित शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, पदाधिकारीज्यूहरु, सहयोगी प्राविधिक मित्रहरु, नियामक निकायबाट पाल्नु भएका पदाधिकारीज्यूहरु तथा प्रतिनिधीहरुलाई कम्पनीको २९ औं वार्षिक साधारण सभामा स्वागत गर्दै सभाको काम कारवाहीलाई अगाडि बढाउनु भयो । सभा सञ्चालकज्यूले सभा समक्ष सञ्चालक समितिको तर्फबाट प्रबन्ध संचालक ज्यूको प्रतिवेदन, कम्पनीको आ.व.२०८१।०८२ को लेखापरिक्षकको राय सहितको लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु उपर छलफलका लागि भाग लिन तथा यस कम्पनीको

कारोवार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई सामूहिक रुपमा अनुरोध गर्नु भयो।

## ८. छलफलमा सहभागी भएका शेयरधनी महानुभावहरु:

छलफलका क्रममा देहायका शेयरधनी महानुभावहरुले यस कम्पनीको काम कारवाही, वार्षिक हरहिसाब, संचालक समितिको वार्षिक प्रतिवेदन र समसामयिक विषयबस्तुहरुमा आफ्नो मन्तव्य, जिज्ञासा, राय तथा सुझाव व्यक्त गर्नु भयो ।

१. श्री शत्रुघन श्रेष्ठ ज्यू
२. श्री ब्यास कुमार शर्मा ज्यू
३. श्री दिवाकर धिताल ज्यू
४. श्री इन्द्र कृष्ण श्रेष्ठ ज्यु
५. श्री उत्तम पाठक ज्यू

यसका साथै शेयरधनी श्री इन्द्र प्रसाद लामिछाने, श्री उद्दप प्रसाद घिमिरे, श्री लक्ष्मण श्रेष्ठ, श्री बैजुनाथ रोनियार, श्री निरुपमा गुप्ता ज्यु, श्री डमरु बल्लब घिमिरे ज्यु, श्री अमीर दासज्यु र श्री गोबिन्द के.सि ज्यू बाट लिखित रुपमा सल्लाह सुझाव प्राप्त भयो ।

## ९. शेयरधनीहरुको मन्तव्य, जिज्ञासा, प्रश्न, राय तथा सुझाव, र प्रबन्ध संचालक श्री अरुण कुमार सराफ ज्यू र कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको जवाफी सम्बोधनको मूख्य अंशहरु:

(क) शेयरधनीहरुको मन्तव्य, जिज्ञासा, प्रश्न, राय तथा सुझावहरु:

❖ विगत ७ वर्ष देखि पर्यटन क्षेत्रमा बढी कर तिरेको, उत्कृष्ट लक्जरी होटलको रुपमा पुरस्कृत रहेको, वासलात राम्रो रहेको छ । आगामि दिनमा समेत होटल संचालनमा ल्याई सो भन्दा राम्रो सफलता हासिल हुने छ भन्ने शुभकामना ।साधारण सभा पौष महिनाको अन्तिम नपुर्याइ सम्भव भए सम्म आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गर्न अनुरोध गर्दछु । यस कम्पनिले विषम परिस्थितिमा समेत ५ % लाभांश दिने भनि ल्याएको प्रश्ताव स्वागत योग्य रहेको छ ।

❖ होटलको यस विषम परिस्थितिमा समेत शेयरधनिहरुको हात खालि नहुने गरि ५ % लाभांशको प्रश्ताव ल्याउनु भएकोमा धन्यवाद । जेन्जी आन्दोलनबाट भएको क्षतिबाट पुनःनिर्माणगरी आगामि वर्षमा पनि प्रतिफल आउन सक्ने गरि कार्य गर्नुहुन अनुरोध गर्दछु । साधारण सभाको भव्य सफलताको कामना गर्दै यस होटलको उत्तरोत्तर प्रगतीको कामना गर्दछु ।

❖ आन्दोलनबाट भएको क्षतिप्रति म दुख व्यक्त गर्दछु । आन्दोलनबाट पुर्ण रुपले बन्द भएको होटल छिटो संचालन हुनेमा म आशावादी छु ।होटलको बिमा दावीको प्रकृया के-कस्तो भैरहेको छ

जानकारी दिन अनुरोध गर्दछु । विषम परिस्थितिमा पनि ५% को प्रतिफल प्रदान गर्नु भएकोमा बोर्ड, व्यबस्थापनलाई हार्दिक धन्यवाद । यस विषम परिस्थितिमा होटललाई पुनः संचालनमा ल्याउन हामि सबैले साथ दिन जरुरि छ ।

- ❖ होटल व्यवसाय क्षेत्रमा सबैभन्दा बढी कर तिरि नेपाल सरकारबाट पुरष्कृत भएको कार्य प्रशंसनिय छ । यस होटलको उन्नति र प्रगतिको लागि काम गर्नु हुने संचालक समिति, व्यवस्थापन समूह र कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै होटलको पुनःनिर्माण कार्यमा सफलता मिलोस भन्दै शुभकामना व्यक्त गर्दछु।
- ❖ यस तारागाँउ रिजेन्सी होटल्स लिमिटेडले पुस मसान्त भित्रै वार्षिक साधारण सभा गर्न सकेकोमा धन्यवाद छ । यस होटलले निरन्तर रुपमा नगत लाभांश दिंदै आएको छ । यस वर्ष पनि ५ % नगत लाभांश दिन सकेकोमा धन्यवाद छ ।

ख) <u>प्रबन्ध संचालक श्री अरुण कुमार सराफज्यू र कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको सम्बोधनको मुख्य अंशहरु:</u>

संचालक समितिको तर्फबाट यस कम्पनीको २९ औं वार्षिक साधारण सभामा उपस्थित भई आफ्नो जिज्ञासा र सल्लाहहरु राखी दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत उपस्थित सबैलाई धेरै धन्यवाद दिन चाहन्छौं ।

कोभिडको अवस्थाबाट हालसालै मात्र पर्यटन क्षेत्रमा केहि सुधार आइरहेकोमा मिति २०८२ भाद्र २४ गते देश भर भएको आन्दोलनको क्रममा यस होटलमा समेत तोडफोड, लुटपाट तथा आगलागी जन्य क्रियाकलापहरू हुन पुगी होटल संचालन सो दिन देखि बन्द रहेको छ । होटलको ठूलो आर्थिक तथा भौतिक क्षति भएकोमा अहिले सम्मको मुल्यांकन अनुसार कम्तिमा १०० करोडको क्षति भएको देखिन्छ । यस कम्पनिले आफ्नो बिमा दाविका लागि आवश्यक कागजात तथा विवरणहरु तयार गर्दै छ भने प्रारम्भिक दावी बुझाईसकेको छ। होटल मर्मत सम्भार तथा पुनःनिर्माणको कार्य सुरु भईसकेकाले व्यवस्थापनले होटललाई १ वर्ष भीत्र संचालनमा ल्याउने प्रयास गरिरहेको छ । होटल मर्मत सम्भार तथा पुनःनिर्माणको कार्य प्रतक्ष निरिक्षण तथा संचालन गर्न संचालन समिति मातहत परियोजना उप-समिति गठन गरि परियोजनाका कार्य गरिदै आइएको छ । कम्पनिले होटल मर्मत सम्भार तथा पुनःनिर्माणमा आफ्नो संचित मुनाफा तथा बैंकबाट ऋण सुविधा लिइ परियोजना लागतको व्यबस्थापन गर्नेछ ।

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

यस विषम परिस्थितिमा थप विश्वस्त र बलियो भई होटलको यथासिग्र मर्मत—सम्भार तथा स्तरउन्नोति गरी यसलाई नेपालमै नभएको अन्तर्राष्ट्रिय स्तरको पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने र पहिले भन्दा बढि आय सृर्जना गरि शेयरधनि महानुभावहरुलाइ निजहरुको लगानी प्रतिफल बढाउनुका साथै नेपाल सरकारको समेत राजश्वस्रवत बढाइ नयाँ नेपाल निर्माणमा ठुलो योगदान पुऱ्याउने अठोट लिएका छौं। यस उद्देश्य पूरा गर्नका लागि यहाँहरू सबैको साथ, सहयोग र मायाको अपेक्षा राखेका छौं ।

१०. निर्णयहरुः

क) सामान्य प्रस्ताव

(१) साधारण प्रस्ताव नं. १ उपर छलफल तथा निर्णयः

सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१।०८२ (२०२४।२०२५) को संचालक समितिको २९ औं वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतले पारित गरियो ।

(२) साधारण प्रस्ताव नं. २ उपर छलफल तथा निर्णय

लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०८१।०८२ (२०२४।२०२५) को वित्तिय विवरणहरु— वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भए पछि उपस्थित शेयरधनी महानुभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

(३) साधारण प्रस्ताव नं. ३ उपर छलफल तथा निर्णय

आ.व. २०८२।०८३ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत हुदाँ लेखापरिक्षण समितिको सिफारिस अनुसार आ.व. २०८२।०८३ को लेखापरिक्षण गर्नको लागि ए.एस.आर एण्ड एसोसिएट्स, चार्टर्ड एकाउनटेन्टस्, सानेपा ललितपुरका सि.ए. श्री अंकुश कुमार ज्यूलाई नियुक्त गर्ने र निजको पारिश्रमिक रु.३,००,०००।— (अक्षेरुपी तीन लाख मात्र)(मु.अ.कर बाहेक) तय गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

(४) साधारण प्रस्ताव नं. ४ उपर छलफल तथा निर्णय

कम्पनीको मिति २०८२।०८।२२ (तदानुसार ८ डिसेम्बर, २०२५) गते बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ५% नगद लाभांश (कर बाहेक) प्रदान गर्ने प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

(५) साधारण प्रस्ताव नं. ५ उपर छलफल तथा निर्णय

मिति २०८२।०२।१४ को संचालक समितिको सिफारिस बमोजिम प्रबन्ध संचालक र कार्यकारी निर्देशकको निजहरूसँग गरिएको सम्झौता बमोजिम नियुक्ति मितिले ४ वर्षको लागि पुनः नियुक्ति गर्ने निर्णय गरियो ।

ख) विशेष प्रशताव

१. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

यस कम्पनीमा सुरु अबस्थाबाटै शेयरधनीहरुको समुह क, समुह ख, समुह ग, र समुह घ गरि जम्मा ४ समुह गराइएकोमा हाल समुह घ का अधिकांश बैंक तथा वित्तिय संस्थाहरुले आफुले धारण गरेको शेयरहरु सार्वजनिक रुपमा बिक्रि गरिसकेकाले वर्तमान समयमा समुह ग र घ छुट्याउन कठिनाइ भएको र यस विषय गत आर्थिक वर्षको साधारण सभामा शेयरधनी महानुभावहरुले उठान गरेकोले सो विषयलाई ध्यानमा राखि निम्न बमोजिम हुने निर्णय गरियो ।

समुह घ समुह ग मा गाभि दुबै समुहलाई **समुह "ग"** बनाइ यस समुहको संचालक समितिमा जम्मा ५ जना संचालक बाट प्रतिनिधित्व गरिने निर्णय पारित गरियो । सोका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलिका सम्बन्धित प्रावधानहरू संशोधन गरि आवश्यक कागजातहरू कम्पनी रजिष्ट्रारको कार्यलयमा अभिलेख गराई सम्बन्धित निकायमा जानकारी दिने समेत निर्णय गरियो ।

हाल संचालक समितिमा समुह ग र समुह घ बाट प्रतिनिधित्व गर्नुहुने संचालकहरुको कार्यकाल कायमनै रहेकाले निजहरुको कार्यकाल सकिए पश्चात उल्लेख गरे बमोजिममो संशोधन लागु हुने गरि संचालक समितिमा सो बमोजिमको प्रतिनिधित्व गराइने निर्णय गरियो ।

ग) विविध

विविध तर्फ कुनै प्रशताव नरहेको ।

ताराँगाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

११. **धन्यवाद ज्ञापनः**

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले कम्पनी सचिव श्री गीता दाहालले यस सभाका सभापति प्रबन्ध संचालक श्री अरुण कुमार सराफज्यूलाई सभाको समापन गरिदिनु हुन अनुरोध गर्नुभयो । सभाका सभापति श्री अरुण कुमार सराफज्यूले शेयरधनी महानुभावहरु लगायत उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै २९ औं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

.............................
श्री गीता दाहाल
कम्पनी सचिव

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

.............................
श्री सुरेश लाल श्रेष्ठ
कार्यकारी संचालक